नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
# वन विभाग

☎ ४-२२७५७४
४-२२०३०३
४-२२१२३१
४-२१६३७९
४-२२१७४४
फ्याक्स : ४-२२७३७४

(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नुहोला ।)

बबरमहल,
काठमाडौं, नेपाल

प्राप्त पत्र संख्या र मिति :
पत्र संख्या :- १। ।०७३।७४
च. नं. :- नं. ९२००

कर्मचारी प्रशासन
वन तथा भू-संरक्षण मन्त्रालय
वन विभाग
बबरमहल

मिति:- २०७४।२।९

विषय :- निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री जिल्ला वन कार्यालय, सवै

प्रस्तुत विषयमा मिति २०७४।२।५ गते श्रीमान् महानिर्देशकज्यूको अध्यतामा वसेको स्टाफ मिटिङबाट भएको निर्णय नं. ५ त्यस कार्यालयसंग सम्वन्धित भएकोले सो को फोटोकपि पाना १ यसैसाथ संलग्न राखी पठाइएको छ । निर्णयको व्यहोरा अवगत गरी सोही वमोजिम कार्यान्वयन गर्नु गराउन हुन आदेशानुसार अनुरोध छ ।

(सन्तोष कुमार पौडयाल)
शाखा अधिकृत

वोधार्थ :
श्री आर्थिक प्रशासन शाखा : सो अनुसार गर्नु गराउन हुन अनुरोध ।
वन विभाग ।

Scanned by CamScanner

**एजेण्डाहरु**

१. उप-महानिर्देशक श्री सम्पैत यादवको स्वागत सम्वन्धमा ।
२. स्थानीय निकाय निर्वाचन २०७४ (पहिलो चरण) मा खटिने कर्मचारीहरुलाई धन्यवाद ज्ञापन सम्वन्धमा ।
३. नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७४/२/४ को निर्णयानुसार आखेटोपहार नष्ट गर्ने निर्णय सम्वन्धमा
४. चुरे संरक्षण गुरु योजना सम्वन्धमा वन व्यवस्थापन प्रस्तावहरुको कार्यान्वयन सम्वन्धमा ।
५ गणेश व.शाहीको नाममा संकलित रकम सम्वन्धमा ।
६. काठमाडौं उपत्यकाको वन क्षेत्र अतिक्रमण सम्वन्धमा ।

**निर्णय नं.१**

हालै वढुवा नियुक्ति पाई यस विभागको उप महानिर्देशकमा वहाली भै हाजिर हुनुभएका श्री सम्पैत यादवलाई वन विभागमा हार्दिक स्वागत गर्दै उहाँको कार्यकालको सफलताको कामना गर्ने निर्णय गरियो ।

**निर्णय नं.२**

मिति २०७४/१/३१ गते सम्पन्न भएको स्थानीय निकाय निर्वाचन, २०७४ (पहिलो चरण) मा खटिई सफलतापूर्वक निर्वाचन सम्पन्न गरेर फर्कनु भएका यस विभागका सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिने निर्णय गरियो ।

**निर्णय नं.३**

नेपाल सरकार(मन्त्रिपरिषद)को मिति २०७४/२/३ को निर्णयानुसार जैविक विविधता दिवस, २०१७ (२२ मे, २०१७) २०७४ जेठ ८ गते सोमवार वन्यजन्तुको आखेटोपहार नष्ट गर्ने कार्यक्रम तपसिलको स्थान र समयमा हुने भएकोले यस विभागको सक्रिय सहभागिता र निर्णय कार्यान्वयन गर्ने निर्णय गरियो ।
स्थानः चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा ।
समयः विहान ९:०० वजे ।

**निर्णय नं.४**

चुरे संरक्षण गुरु योजनाको कार्यान्वयनको लागि सम्वन्धमा यस विभागका उप महानिर्देशक श्री शिव कुमार वाग्लेको संयोजकत्वमा वन व्यवस्थापन कार्यक्रमको कार्यान्वयनको लागि सवै महाशाखा प्रमुख/प्रतिनिधिहरु सहभागी कार्यदलले १० दिन भित्र कार्ययोजना तयार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

स्व.वन रक्षक श्री गणेश वहादुर शाहीको परिवारलाई सहयोगको लागि वन विभाग लगायत विभिन्न जिल्ला वन कार्यालयहरुवाट संकलित सम्पूर्ण रकम निजको श्रीमती र ३ सन्तानको संयुक्त नाउँमा एक अक्षय कोषको रुपमा जम्मा गरी दिने । निजको सवै भन्दा कान्छो सन्तान वालिग नभए सम्म सो रकम उक्त अक्षयकोषमै सुरक्षित रहने व्यवस्था समेत मिलाउने । साथै वन विभागले स्व.गणेश वहादुर शाहीको परिवारको सहयोग प्रयोजनको निमित्त खोलिएको रा.वा.वैंकको उक्त खाता मिति २०७४जेष्ठ मसान्त देखि वन्द गर्ने र सवै जि.व.का.लाई समेत जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं.६**

काठमाडौं उपत्यकामा वढ्दो शहरीकरण तथा वस्ती विकासका कारण वन क्षेत्रको अतिक्रमण हुँदै जाने हुँदा वनक्षेत्रसँग जोडिएका वस्तीहरु, वन क्षेत्र सँग जोडिएका निजी जग्गाहरुवाटै वन क्षेत्र अतिक्रमण गरी plotting ( चक्ला वन्दी) गरी वस्ती विकास गर्ने गरिएको वुझिएको हुँदा वन क्षेत्रलाई अतिक्रमण मुक्त गर्न वन क्षेत्र सँग सिमा जोडिएका स्थानहरुमा उपत्यकाका तिनवटै जिल्ला वन कार्यालयहरुलाई वन क्षेत्रको लगत तयार गर्ने, नाप नक्सा र प्रमाण संकलन गरी कानूनी कारवाही प्रकृया अघि वढाउन निर्देशन दिने निर्णय गरियो ।

वन विभाग
बबरमहल

महानिर्देशक